Customs Engaging Traditional and New Partners with Purpose

# भन्सार बुलेटिन
# Customs Bulletin

वर्ष १५ अंक १ | २०८० श्रावण-पौष | July 2023-Jan 2024

## महानिर्देशकको कलमबाट



सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ समेतले सार्वजनिक प्रशासनलाई खुला, पारदर्शी, नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउने कुरालाई जोड दिएको छ। सार्वजनिक निकायका क्रियाकलापका बारेमा सरोकारवालालाई सुसूचित गराउने, सम्पादित काममा पारदर्शिता कायम गर्ने र नागरिकको सूचनामा सहज पहुँच स्थापित गर्ने एक महत्त्वपूर्ण माध्यमको रुपमा सार्वजनिक निकायबाट प्रकाशन हुने बुलेटिनलाई लिने गरिन्छ । यसै सन्दर्भमा, बि.सं. २०८० साल श्रावण महिनादेखि पौष महिनासम्म भन्सार विभागका क्रियाकलापहरू समेटी "**भन्सार बुलेटिन**" को पछिल्लो संस्करण प्रकाशन गर्न पाउँदा मलाई खुसी लागेको छ।

राजस्व प्रशासनको मेरुदण्डको रुपमा रहेको भन्सार प्रशासनले कूल राजस्वको करिब ५० प्रतिशत राजस्व सङ्कलन गर्ने गर्दछ। यसका साथै, व्यापार सहजीकरण र सामाजिक सुरक्षालाई सबल तुल्याई आपूर्ति श्रृङ्खलालाई स्वस्थ बनाइराख्ने जिम्मेवारी पनि भन्सार प्रशासनकै काँधमा रहेको छ । अन्तर्राष्ट्रिय व्यापारको निरन्तर परिवर्तनशील प्रवृत्ति र प्रविधिको क्षेत्रमा द्रुततर विकास भइरहेको

(बाँकी पृष्ठ २ मा)

## यस भित्र


- भन्सार सुधार तथा आधुनिकीकरण योजनाको कार्यान्वयन समीक्षा कार्यशाला ३
- डाइग्नोष्टिक प्रतिवेदन हस्तान्तरण ४
- बण्डेड वेयर हाउस इजाजत अब अनलाइनबाट लिन सकिने ६
- वैदेशिक व्यापार तथा राजस्व संकलन ८
- भन्सार समीक्षा बैठक ११
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयमा सुधारको सुरुवात १२

अन्य समसामयिक गतिविधिहरु


## भन्सार व्यवस्थापन गोष्ठी




भन्सार विभागको आयोजनामा चालु आ.व.२०८०/८१ को पहिलो भन्सार व्यवस्थापन गोष्ठी मिति २०८० साउन २८ र २९ गते सम्पन्न भयो । प्रमुख अतिथि माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतवाट समुद्घाटन भएको उक्त गोष्ठीमा अर्थ सचिव, महालेखा नियन्त्रक, अर्थ मन्त्रालयका महाशाखा प्रमुखहरू, आन्तरिक राजस्व विभागका महानिर्देशक, राजस्व अनुसन्धान विभागका महानिर्देशक, सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रका तालिम प्रमुख, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका कार्यालय प्रमुख, भन्सार विभागका महानिर्देशक र उपमहानिर्देशकहरू लगायत सम्पूर्ण भन्सार कार्यालयका प्रमुख तथा प्रतिनिधिहरू र निजी क्षेत्रबाट नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष, नेपाल उद्योग परिसंघका अध्यक्ष र नेपाल चेम्बर अफ कमर्शका अध्यक्षको उपस्थिति रहेको थियो।

माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतले Auto Answering System को सुरुवात गरी उद्घाटन गर्नु भएको उक्त गोष्ठीमा माननीय अर्थ मन्त्रीले समय सापेक्ष प्रविधिको नयाँ आयामको प्रयोग गरी सदाचारिता र पारदर्शिता कायम गर्नुपर्ने सुझाव दिनुभयो । त्यस्तै कानूनको पालनामा जोड दिँदै भन्सार प्रशासनमा विभिन्न क्षेत्रहरूको संलग्नता हुने भएकोले सबैलाई विश्वास गर्न तर छड्के जाँच गर्नसमेत सुझाउनुभयो ।

अर्थ सचिव श्री अर्जुन प्रसाद पोखरेलले राजस्व लक्ष्य प्राप्तिका लागि आवश्यक रणनीति बनाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सुझाउनुभयो साथै भन्सार कार्यालयहरूबीच आपसी समन्वय एवं सूचना आदान प्रदान गर्दै भन्सार सुधार तथा व्यापार सहजीकरण गरी राजस्व सङ्कलन गर्नुपर्ने निर्देशन दिनुभयो। बरिष्ठ आर्थिक सल्लाहकार

(बाँकी पृष्ठ २ मा)



फोन: ५९१७२२२, ५९१७२२३, ५९१७२२१ E-mail: csd@customs.gov.np Web : www.customs.gov.np

भन्सार बुलेटिन
Customs Bulletin

प्रकाशक
भन्सार विभाग
त्रिपुरेश्वर , काठमाडौं
फोन नं : ५९१७२२३
Email : csd@customs.gov.np
Website : www.customs.gov.np
Mobile App - Nepal Customs

भन्सार समाचार प्रकाशन समिति

संरक्षक
शोभाकान्त पौडेल, महानिर्देशक

सल्लाहकार
रमेश अर्याल, उपमहानिर्देशक
सेवन्तक पोखरेल, उपमहानिर्देशक

सम्पादन समूह
हरिहर पौडेल, निर्देशक
पुण्य विक्रम खड्का, निर्देशक

सम्पादन सहयोगी
गोपालप्रसाद भट्टराई, शाखा अधिकृत
विवेक रिजाल, शाखा अधिकृत
भरतमणि सापकोटा, शाखा अधिकृत
प्रमिला ढकाल, नायब सुब्बा

पृष्ठ १ बाट क्रमशः महानिर्देशकको कलमबाट

सन्दर्भमा नेपालको भन्सार प्रशासनले आफ्नो क्षमतालाई प्रविधिमैत्री र स्वचालित बनाउँदै सुधारको प्रयत्न जारी राखेको छ । नेपालको भन्सार प्रशासनमा सुधारका कार्यक्रमहरुलाई दिशानिर्देश गर्न विगत दुई दशकदेखि योजनाबद्ध रुपमा भन्सार सुधारसम्बन्धी कार्ययोजना कार्यान्वयनमा ल्याइएको छ। हाल छैटौं चरणको भन्सार सुधार तथा आधुनिकीकरण योजना(२०७८/७९-२०८२/८३) कार्यान्वयनको चरणमा रहेको छ । यस योजनाको कार्यान्वयनबाट भन्सार प्रशासनमा नीतिगत, संरचनागत, प्रशासनिक र प्रणालीगत सुधारका लागि सघाऊ पुग्ने विश्वास लिएको छु।

नेपालको भन्सार प्रशासनलाई सहजीकरणको दिशामा थप अगाडि बढाउन संशोधित क्योटो महासन्धिको प्रावधान समेत समावेश भएको नयाँ भन्सार सम्बन्धी विधेयक संघीय संसदमा पेश भएको छ । नेपालको ९९.९ प्रतिशत अन्तर्राष्ट्रिय व्यापार आसिकुडा प्रणालीको दायरामा आएको छ । भन्सारमा गर्नुपर्ने राजस्व भुक्तानी विद्युतीय माध्यमबाटै गर्न सकिने गरी सबै भन्सार कार्यालयहरुमा विद्युतीय भुक्तानी प्रणाली कार्यान्वयनमा ल्याइएको छ । अन्तर्राष्ट्रिय व्यापारमा संलग्न ४८ वटा निकायहरूले नेपाल राष्ट्रिय एकद्वार प्रणाली मार्फत कार्य गर्न सक्ने व्यवस्था मिलाइएको छ। भन्सार विभागमा सबै कार्यालयहरुको कारोबारको अनुगमनका लागि छुट्टै Live Monitoring कक्ष रहेको छ । भन्सार प्रक्रियाहरूलाई अन्तर्राष्ट्रिय असल अभ्यासहरूसँग सामञ्जस्यता मिलाउने, Paperless, Faceless र Contactless कार्यप्रणाली अवलम्बन गर्ने र अन्य भन्सार प्रशासनहरूसँगको सहकार्यलाई प्रवर्द्धन गर्ने जस्ता विषयहरूमा भन्सार सुधारका कार्यहरूलाई केन्द्रित गरिएको छ। यी समग्र प्रयासले भन्सारका प्रक्रियालाई सरल र सहज बनाउँदै भन्सार प्रशासनको सुधार तथा आधुनिकीकरणमा योगदान पुऱ्याउने अपेक्षा गरेको छु।

अन्तमा, यस बुलेटिनलाई अद्यावधिक, ज्ञानमूलक र जानकारीमूलक बनाउन भरमग्दुर प्रयत्न गर्ने भन्सार विभाग र अन्तर्गत कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु। साथै, भन्सार सम्बन्धित सरोकारवाला, आम नागरिक र पाठकवर्गलाई यस बुलेटिनमा समाविष्ट विषयवस्तु एवम् जानकारीलाई उपयोग गर्न र भन्सार प्रशासनका पछिल्ला गतिविधिहरुको बारेमा सुसूचित रहन समेत अनुरोध गर्दछु। धन्यवाद !

पृष्ठ १ बाट क्रमशः भन्सार व्यवस्थापन गोष्ठीबाट

डा. पोषराज पाण्डेले राज्यको राजस्व सङ्कलनमा भन्सार प्रशासनको अहम् भूमिका रहेको भन्दै सूचना प्रविधिको प्रयोग गर्दै आधुनिकीकरण र सुधार गर्नुपर्ने तथा चोरी निकासी पैठारी नियन्त्रण गर्नुपर्ने सुझाव दिनु भयो।

नेपाल उद्योग परिसंघको अध्यक्ष राजेश कुमार अग्रवालले भन्सार प्रशासनको सुधार तथा आधुनिकीकरणको लागि धन्यवाद दिँदै चोरी पैठारी नियन्त्रण गर्न र विश्वसनीय व्यवसायी कार्यक्रम सञ्चालन गर्न अनुरोध गर्नुभएको थियो। नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले Connect IPS को माध्यमबाट राजस्व तिर्ने आवश्यक व्यवस्था मिलाउन जोड दिँदै सबै भन्सार कार्यालयलाई स्वचालित बनाउनुपर्ने र अन्य निकायहरूसँग समन्वय गरी कार्यान्वयन गर्नुपर्ने सुझाव दिनु भयो। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालले निजी क्षेत्रको प्रोत्साहनको लागि आवश्यक पहल गरिनुपर्नेका साथै निजी क्षेत्र र सरकार एक-आपसमा सहकार्य गरी आर्थिक विकासलाई गति दिनुपर्नेमा जोड दिनु भयो।

उद्घाटन सत्रको समापन गर्दै विभागका महानिर्देशक श्री शोभाकान्त पौडेलले निर्देशन

र हौसलाको लागि धन्यवाद दिँदै लक्ष्य बमोजिमको राजस्व सङ्कलन गर्नेमा गोष्ठीबाट प्राप्त सुझावहरू तथा आर्थिक ऐनको व्यवस्थाले सहयोग पुऱ्याउनेछ भन्दै गोष्ठी समुद्घाटनमा उपस्थित सबैमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्नु भएको थियो।

सोही दिनको दोस्रो सत्रमा आन्तरिक राजस्व विभाग र राजस्व अनुसन्धान विभागसँग भन्सार कार्यालयहरूको अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। अन्तरक्रिया कार्यक्रममा भन्सार कार्यालयबाट राखेका जिज्ञासाहरूलाई राजस्व अनुसन्धान विभाग र आन्तरिक राजस्व विभागका महानिर्देशकबाट सम्बोधन भएको थियो। साथै आगामी दिनमा तीनवटै विभागहरूबीच समन्वय गरी अगाडि बढ्नुपर्ने सहमति भएको थियो।

पहिलो दिनको तेस्रो सत्रमा कार्यालयगत प्रस्तुतीकरणमा विभागको तर्फबाट भन्सार सुधार तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखाका निर्देशक श्री हरिहर पौडेलले मुद्दा सफ्टवेयर र मूल्याङ्कन तथ्याङ्कधारको परिचयसहितको प्रस्तुतीकरण गर्नुभयो। त्यस्तै भन्सार कार्यालयहरूबाट गोष्ठीमा आउनुभएका प्रमुख भन्सार प्रशासक/प्रमुख भन्सार अधिकृत/भन्सार अधिकृतबाट आफ्नो कार्यालयले गरेका कार्यहरू, लक्ष्य बमोजिम राजस्व नउठ्नुका कारणहरू, बेरुजुको अवस्था, मुद्दाको अवस्था, समस्या र विभागसँगको अपेक्षाका सम्बन्धमा आफ्नो प्रस्तुतीकरण भयो। पहिलो दिनको उक्त सत्रको अन्त्यमा अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखाका सहसचिव रितेश कुमार शाक्यले भन्सार कार्यालयहरूबाट मालवस्तुको मूल्याङ्कनमा एकरूपता कायम गर्नुपर्ने सुझाव दिनुभयो।

दोस्रो दिनको सुरुवातमा गोष्ठीमा सहभागी सबैलाई तीन समूहमा विभाजन गरी कार्यादेश समेत तोकी भारततर्फको मूल्याङ्कन, तेस्रो मुलुकतर्फको मूल्याङ्कन र व्यवस्थापनतर्फको सुझाव दिन तोकिएको थियो। उक्त सुझावहरूको प्रस्तुतीकरणमाथि छलफल गरी अन्तिम स्वरूप तयार गरी अर्थमन्त्री, अर्थ सचिव, राजस्व सचिवको सम्मुपस्थितिमा प्रस्तुतीकरण गरिएको थियो।

गोष्ठीको समापन सत्रमा माननीय अर्थमन्त्रीले समूह प्रस्तुतीकरणको लागि धन्यवाद दिँदै Regular Offender लाई थप कडाई गरी कानुन बमोजिमको कारबाही गरी प्रतिबद्धता कार्यान्वयन गर्ने र प्रविधिको प्रयोग गरी राजस्व चुहावटलाई नियन्त्रण गर्नुपर्ने र आगामी दिनहरूमा व्यक्त गरिएका प्रतिबद्धता के कति पूरा भए नभएको समीक्षा गरी Motivation & Commitment को आवश्यकता औंल्याउनुभयो। त्यस्तै राजस्व सचिव डा. राम प्रसाद घिमिरेले भन्सार प्रशासनमा Command & Chain को पालना गरी देखिएका समस्याहरूको गहिराईमा पुगी तयारी गर्नुपर्ने र त्यसबाट मूल्याङ्कन तथा वर्गीकरण सम्बन्धी समस्याहरूको समाधान हुने बताउनुभयो।

कार्यक्रमको समापनमा सत्रमा विभागका महानिर्देशकले व्यापार सहजीकरण गर्दै राजस्व सङ्कलन गर्नुपर्नेतर्फ भन्सार प्रशासनले जोड दिनुपर्ने बताउँदै गोष्ठीबाट आएका सिफारिसहरूको औचित्य अनुसार सुझाव तयार गर्न निर्देशन प्रदान गर्दै गोष्ठीको सफलता पूर्वक सञ्चालनमा संलग्न सबैलाई धन्यवाद दिँदै गोष्ठीको समापन गर्नु भयो।

## भन्सार सुधार तथा आधुनिकीकरण योजनाको कार्यान्वयन समीक्षा कार्यशाला

भन्सार विभागले आर्थिक वर्ष २०६०/६१ देखि सुरुवात गरेको भन्सार सुधार तथा आधुनिकीकरण कार्य योजना हुँदै हाल छैटौं चरणको भन्सार सुधार तथा आधुनिकीकरण योजना २०२१-२०२६ कार्यान्वयनमा रहेको छ। भन्सार विभागका विभिन्न शाखाहरू तथा अन्तर्गतका निकायहरूले ५ वर्षभित्र सम्पन्न गर्नुपर्ने ८७८ वटा क्रियाकलापहरू समावेश भएको उक्त योजनामा १५ वटा प्रतिफलहरु तय गरी योजना कार्यान्वयन भईरहेको छ।




भन्सार सुधार योजनालाई समुचित कार्यान्वयन गर्न, प्रगति प्रतिवेदन गर्न तथा अनुगमन गर्ने कार्य चुनौतीपूर्ण हुने विगतको अनुभवलाई हेरी अहिले अनलाईन अनुगमन प्रणाली विकास गरी कार्यान्वयन तथा अनुगमन थालिएको हुँदा छैटौं योजनाको कार्यान्वयनको स्तर तुलनात्मक रूपमा प्रभावकारी देखिँदै गएको छ।

आर्थिक वर्ष २०७८/७९ देखि कार्यान्वयनमा आएको यस योजनाको तेस्रो वर्षको पहिलो अर्धवार्षिक समीक्षा यही २०८० पुष ६ र ७ गते नगरकोटमा भन्सार विभागको आयोजनामा र एसियाली विकास बैङ्कको प्राविधिक सहायतामा सम्पन्न भएको छ। अर्थ मन्त्रालयबाट राजस्व व्यवस्थापन महाशाखा र अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाको प्रतिनिधित्व र भन्सार विभागका महानिर्देशक, उपमहानिर्देशक, सबै शाखाका शाखा प्रमुख र शाखागत रूपमा तोकिएको भन्सार सुधार तथा योजना कार्यान्वयन फोकल अधिकृतको सहभागितामा सञ्चालित उक्त कार्यशालामा भन्सार सुधार तथा आधुनिकीकरण योजनाको हालसम्मको प्रगति समीक्षाको अलावा एसियाली विकास बैङ्कसँग सहमति भएको भन्सार तथा लजिष्टिक्स सुधार कार्यक्रम अन्तर्गत भन्सार विभागसँग सम्बन्धित नीतिगत कार्यहरू कार्यान्वयनको अवस्था समेत समीक्षा गरिएको थियो। कार्यक्रममा भन्सार विभागका सबै शाखा प्रमुखहरूले शाखागत प्रगति


फोन: ५९१७२२२, ५९१७२२३, ५९१७२२१ E-mail: csd@customs.gov.np Web : www.customs.gov.np

र हालसम्म सम्पन्न हुन नसकेको कार्यहरूको हकमा सो सम्बन्धमा आवश्यक पहलहरू समेतको प्रस्तुति गर्नु भएको थियो । यस्तै भन्सार तथा लजिष्टिक्स सुधार कार्यक्रम अन्तर्गतको नीतिगत कार्यहरू सम्बन्धमा सम्बन्धित विषयगत समूहका संयोजकहरूले हालसम्मको प्रगति प्रस्तुत गर्नु भएको थियो । सो कार्यक्रममा अगष्ट २०२३ मा नेपालबाट भारतीय भन्सार प्रशासनको असल अभ्यास अध्ययन गर्न गएको भ्रमण दलले पेस गरेको प्रतिवेदन सम्बन्धमा समेत प्रस्तुतीकरण गरिएको थियो ।

## चौथो सासेक भन्सार उपसमूह सीमावर्ती बैठक सम्पन्न

SASEC Customs Subgroup को बैठकबाट SASEC सीमावर्ती देशहरूका भन्सार प्रशासनहरूबीच सीमा स्तरको बैठक सञ्चालन गर्ने सहमति भए बमोजिम बंगलादेश, भुटान, भारत र नेपालका भन्सार प्रशासनबीच सुरुवात भएको सासेक सीमा बैठकको चौथो संस्करण नेपालको आयोजनामा १९ सेप्टेम्बर २०२३ तदनुसार २०८० आश्विन २ गते झापाको मेचीनगरमा सम्पन्न भएको थियो । सन् २०१७ मा भारतको दिल्लीमा इन्सेप्सन बैठक, सन् २०१८ मा बंगलादेशको बुरीमारीमा प्रथम बैठक र सन् २०१९ मा भुटानको फुङ्सोलिङ्गमा दोस्रो बैठक भौतिक उपस्थितिमा सम्पन्न भएको थियो भने सन् २०२० मा कोभिड महामारीको कारण भारतले भर्चुअल माध्यमबाट बैठक सञ्चालन गरेको थियो । एसियाली विकास बैङ्कको समन्वयमा र भन्सार प्रशासनको आयोजनामा सञ्चालन हुने यस प्रकारको बैठकमा बंगलादेश, भुटान, भारत र नेपालका सीमावर्ती भन्सार तथा केन्द्रीय निकायहरूबाट सहभागिता हुने गरेको छ भने एसियाली विकास बैङ्कका प्रतिनिधिको समेत सहभागिता रहने गरेको छ ।



नेपालको आयोजनामा सम्पन्न भएको उक्त बैठकको औपचारिक सुरुवात भन्सार विभागका महानिर्देशक श्री शोभाकान्त पौडेलले भर्चुअल माध्यमबाट गर्नु भएको थियो । उपमहानिर्देशकहरू समेतको सहभागिता भएको भर्चुअल सम्बोधनमा महानिर्देशकले सबै सहभागीहरूलाई नेपाल भन्सारकोतर्फबाट स्वागत गर्नुहुँदै बैठकबाट भन्सार प्रशासनहरूबीच आपसी समन्वय तथा सहकार्यका विषयहरू छलफल हुने विश्वास व्यक्त गर्नु भएको थियो । उक्त बैठकमा नेपालकोतर्फबाट मेची भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत श्री रामप्रसाद रेग्मीको नेतृत्वमा भन्सार विभागका निर्देशक श्री हरिहर पौडेल र मेची भन्सार कार्यालयका भन्सार अधिकृत श्री कमल कोइराला सम्मिलित हुनु भएको थियो भने एसियाली विकास बैङ्कोतर्फबाट रमेश सुकमनी सहभागी हुनु भएको थियो ।



उक्त बैठकमा छ वटा द्विपक्षीय वार्ता (नेपाल-भारत, नेपाल-बंगलादेश, नेपाल-भुटान, भुटान-भारत, बंगलादेश-भारत र बंगलादेश-भुटान,) तथा दुई वटा त्रिपक्षीय वार्ता (नेपाल-भारत-बंगलादेश र बंगलादेश-भुटान-भारत) भएको थियो जसमा सीमावर्ती भन्सारमा सहजीकरण तथा समन्वयका विविध विषयमा छलफल भएको उक्त बैठकमा विशेष गरी सीमावर्ती भन्सार प्रशासनबीच हरेक दुई महिनामा एकवटा बैठक सञ्चालन गर्ने, एकआपसमा समन्वयको लागि सम्पर्क व्यक्ति तोकी सम्पर्क विवरण आदान प्रदान गर्ने लगायत अन्य वैदेशिक व्यापार सहजीकरणका विषयमा छलफल भएको थियो ।

## डाइग्नोष्टिक प्रतिवेदन हस्तान्तरण

कर प्रणाली सुधार सम्बन्धी उच्चस्तरीय सुझाव समितिले विभिन्न निकायबाट सुझाव संकलन गर्ने सन्दर्भमा भन्सारको Diagnostic Report तयार गरी समिति समक्ष पेश गर्न विभागलाई अनुरोध गरेको थियो । समितिको अनुरोध बमोजिम भन्सार विभागबाट उक्त प्रतिवेदन तयार गर्न गठित कार्यदलले तयार गरेको विभागको संक्षिप्त Diagnostic Report समितिका अध्यक्ष श्री विद्याधर मल्लिकलाई विभागका महानिर्देशक श्री शोभाकान्त पौडलले मिति २०८०।०९।२४ मा एक कार्यक्रमको आयोजना गरी हस्तान्तरण गर्नुभयो । उक्त प्रतिवेदन हस्तान्तरण कार्यक्रममा समितिका सदस्यहरु श्री लक्ष्मण अर्याल, प्रा.डा. रामप्रसाद ज्ञवाली र श्री श्यामप्रसाद दाहाल तथा



भन्सार विभागका उपमहानिर्देशकहरु श्री रमेश अर्याल र श्री सेवन्तक पोखरेल तथा समितिका लागि विभागबाट तोकिएका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

उक्त प्रतिवेदनमा भन्सार प्रशासनको वर्तमान अवस्था, अन्तर्राष्ट्रिय प्रतिवद्धता, भन्सार प्रशासनमा देखिएका समस्या एवं चुनौतीहरु र ती समस्या एवं चुनौती समाधानका लागि गर्नुपर्ने सुधारका क्षेत्रहरु समेटिएको छ। प्रतिवेदनमा भन्सार प्रशासनमा नीतिगत तथा कानूनी, संगठनात्मक स्वरुप एवं संगठन संरचना सम्बन्धी, भौतिक तथा सूचना प्रविधि पूर्वाधार सम्बन्धी, भन्सार प्रक्रिया सम्बन्धी, जनशक्ति विकास र व्यवस्थापन, विविध विषय लगायत विभिन्न क्लष्टरमा समस्याहरु पहिचान गरी समितिले आफ्नो अध्ययन प्रतिवेदनमा समेट्नुपर्ने विषय क्षेत्रहरुलाई सुझावको रुपमा समावेश गरिएको छ।

## घोषणा भएका मालवस्तुको छड्के परीक्षण

आर्थिक वर्ष २०८०/८१ को पौष महिनासम्म जम्मा १४ पटक भन्सार कार्यालयमा घोषणा भएका मालवस्तुको भौतिक रूपमै छड्के परीक्षण गरिएको थियो। छड्के परीक्षणका लागि ९ पटक भन्सार विभागबाट तथा ५ पटक अन्य भन्सार कार्यालयहरुबाट अनुगमन टोली खटाइएको थियो। यस आर्थिक वर्षमा छड्के परीक्षण मार्फत थप रु. २,२५,२०,२९५/- राजस्व असुली भएको छ।

## अध्यागमन विभाग र भन्सार विभाग बीच समझदारीपत्रमा हस्ताक्षर



अध्यागमन विभागले यात्रुहरूको विवरण भन्सार विभागलाई API (Application Program Interface) मार्फत उपलब्ध गराउने गरी मिति २०८०।०९।१६ गते अध्यागमन विभागका महानिर्देशक र भन्सार विभागका महानिर्देशक बीच एक समझदारीपत्रमा हस्ताक्षर भएको छ। सो यात्रुहरूको विवरण भन्सार विभागले यात्रुद्वारा हुने अवैध चोरी निकासी पैठारी नियन्त्रण तथा जोखिम व्यवस्थापन र अनुसन्धानका लागि प्रयोग गर्ने छ। यसबाट अनुसन्धानका क्रममा रहेका सुनको अवैध चोरी पैठारीका बारेमा थप सूचना प्राप्त गर्न सहज हुने विश्वास गरिएको छ साथै पटक पटक ओहोर दोहोर गर्ने यात्रुहरूलाई विशेष निगरानी गर्न समेत सजिलो हुने छ।

## भन्सार विभाग र UNCTAD बीच सम्झौता

भन्सार जाँचपास प्रक्रियालाई स्वचालित गर्नुका साथै समग्र भन्सार प्रशासनलाई प्रविधिमा आधारित बनाउनको लागि प्रयोगमा रहेको NECAS को Support & Maintenance को लागि भन्सार विभाग र United Nations Conference for Trade and Development (UNCTAD) बीच UNCTAD कोतर्फबाट 28 Sept. 2017 र भन्सार विभागको तर्फबाट 15 Oct. 2017 मा ६० महिनाको लागि दुई पक्षीय सम्झौतापत्रमा हस्ताक्षर भएको थियो। उक्त ASYCUDA Support Mechanism for ASIA (ASMA) को अवधि समाप्त भएकोले NECAS को प्रयोग तथा दिगोपनको सुनिश्चितता, आवश्यकतानुसारको संशोधन, पूर्ण स्वचालनको लागि थप Module हरू विकास तथा विस्तार लगायतका कार्यलाई निरन्तरता दिनु पर्ने भएकोले August 2023 देखि July 2027 सम्म लागू हुने गरी जम्मा ४८ महिनाको लागि UNCTAD को तर्फबाट प्राविधिक सहयोग र समर्थन (Technical Assistance & Support) प्राप्त गर्ने गरी भन्सार विभागकोतर्फबाट 23 June 2023 / UNCTAD को तर्फबाट 22 June 2023 मा सम्झौतापत्र (Addendum 1) मा हस्ताक्षर भई कार्य भइरहेको छ। उक्त सम्झौता बमोजिम UNCTAD ले निम्न क्षेत्रमा प्राविधिक सहयोग उपलब्ध गराउने उल्लेख छः

- Development & Implementation of an enhanced Risk Management features
- Customization and deployment of inward and outward processing
- Implementation of the Digital Signature for paperless customs
- Enhancement of the existing valuation feature
- Development of a query facility to exchange between Customs Officer and the trade community
- Feature to keep traders informed of the status of their SADs (SMS or email, or any other mechanism)
- Enhancement of the existing e–payment feature
- Implementation of Authorized Economic Operator (AEO)
- Achieving and Retrieving function
- Integration with the Vehicle System (DRI) and Internal Taxation System (IRD)
- Features to manage test lab
- Manifest at the Dry port Customs
- Integration of NECAS with newly developed and existing modules of NNSW
- The development of the new modules and enhancement of the existing modules in NECAS as per requirement of the DOC.

उल्लिखित सम्झौता बमोजिम UNCTAD को तर्फबाट 20-31 August, 2023 / 20-30 November, 2023 मा गरी दुई पटक Technical Mission नेपाल आई सम्झौता बमोजिमका विभिन्न कार्यहरू गरेको छ भने 20-24 November, 2023 मा UNCTAD को तर्फबाट Coordination Mission आई भन्सार विभागका महानिर्देशक, उप-महानिर्देशक लगायत सम्बन्धित पदिधकारीहरूसँग हालसम्म भएका कार्यहरू र भावी योजनाका बारेमा छलफल गरेको थियो।



फोन: ५५१७२२२, ५५१७२२३, ५५१७२२१ E-mail: csd@customs.gov.np Web : www.customs.gov.np

## प्रत्यक्ष अनुगमन प्रणाली (WAN) बाट औंल्याइएको आधारमा कार्यालयबाट असुली भएको थप राजस्व

हाल भन्सार कार्यालयहरूमा लागू भएको भन्सार स्वचालन प्रणाली NECAS मा सबै भन्सार कार्यालयहरूमा प्रविष्टि भएका प्रज्ञापनपत्रहरूको भन्सार विभागबाटै अनलाइन अनुगमन गर्न सकिन्छ। भन्सार विभागले सोही प्रणालीको सदुपयोग गर्दै प्रत्यक्ष अनुगमन प्रणाली (WAN) लाई प्रभावकारी बनाउँदा विभागको प्रत्यक्ष अनुगमनबाट औंल्याइएका आधारमा यस आर्थिक वर्षको पौष मसान्तसम्ममा भन्सार कार्यालयहरुबाट थप रु. ७७,१७,३५,३६४/- राजस्व असुली भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा रु. १८,८६,९२,१७७/- थप राजस्व असुली भएको थियो।

प्रत्यक्ष अनुगमन प्रणाली (WAN) बाट दैनिक प्रज्ञापनपत्रको जाँच गर्ने र सो क्रममा कैफियत देखिएका प्रज्ञापनपत्रको सबन्धमा जाँचपासका लागि तोकिएका कर्मचारीलाई तत्कालै सोको जानकारी गराउने गरिएको छ। भन्सार विभागको अनुगमन शाखामा कुन भन्सार कार्यालयको कसले अनुगमन गर्ने भनेर दैनिक रूपमा बिहान कर्मचारी कार्यालय आएपछि गोलाप्रथाबाट खटाउने गरिन्छ, जसले गर्दा अनलाइन अनुगमनलाई निष्पक्ष बनाउन समेत मद्दत पुगेको छ।

**प्रत्यक्ष अनुगमन प्रणाली(WAN) बाट प्रज्ञापनपत्रहरुको अनलाइन अनुगमन गरी कैफियत औंल्याइएको आधारमा कार्यालयहरुबाट संकलन भएको थप राजस्व**

| क्र.सं. | महिना | थप सङ्कलित रकम | |
|---|---|---|---|
| | | आ. व. २०७९/८० | आ. व. २०८०/८१ |
| १ | श्रावण | २,३०,४२,०६१/- | १२,१८,४०,४६३/- |
| २ | भाद्र | १,८६,३७,४९८/- | १४,०२,८६,३६८/- |
| ३ | असोज | ८३,५४,१५९/- | २०,०१,२९,३४५/- |
| ४ | कार्तिक | ५,०९,७२,२६४/- | ११,७३,५५,८५९/- |
| ५ | मंसिर | ४,५८,८४,७९३/- | ७,५५,३२,२६८/- |
| ६ | पुष | ४,१८,०१,४०२/- | ११,६५,९१,०६१/- |
| जम्मा | | १८,८६,९२,१७७/- | ७७,१७,३५,३६४/- |

## बण्डेड वेयर हाउस इजाजत अब अनलाइनबाट लिन सकिने

नेपाल राष्ट्रिय एकद्वार प्रणाली (Nepal National Single Window) भित्र बण्डेड इजाजत मोड्युल कार्यान्वयनमा आएको छ। यस मोड्युल कार्यान्वयनमा आएसँगै भन्सार विभागबाट जारी हुने बण्डेड वेयर हाउसको इजाजत अब अनलाइन माध्यमबाटै लिन सकिने छ। सम्बन्धित कम्पनी, फर्म तथा निकायहरूले नेपाल राष्ट्रिय एकद्वार प्रणालीको वेबसाइट https://nnsw.gov.np/trade/ मा गएर Access for Agencies अन्तर्गतको LPCO Management मा क्लिक गरी लगइन गरेर प्रणालीले मागेका आवश्यक विवरणहरू भरी बण्डेड वेयर हाउस इजाजतका लागि अनलाइन दर्ता र नवीकरणका लागि निवेदन दिन सकिन्छ। बण्डेड वेयर हाउस सुविधाका लागि नयाँ इजाजत प्राप्त गर्न प्रणालीमा रहेको LPCO 964 कोड छनौट गरी आवश्यक विवरण भर्नु पर्नेछ भने नवीकरणका लागि LPCO 965 कोड छनौट गरी आवश्यक विवरण प्रणालीमा प्रविष्टि गरेर विद्युतीय माध्यमबाट आवेदन गर्न सकिन्छ। विद्युतीय माध्यमबाट प्राप्त आवेदनहरूलाई भन्सार विभागले रुजु गरी आवश्यक कारबाही गर्नेछ। भन्सार ऐन, २०६४ तथा भन्सार नियमावली, २०६४ ले गरेको व्यवस्था बमोजिम प्रदान गरिने बण्डेड वेयर हाउस इजाजतपत्रको सक्रिय सङ्ख्या चालु आर्थिक वर्ष २०८०/८१ को पौष मसान्तसम्म १२९ रहेको छ। अनलाइन माध्यमबाट बण्डेड वेयर हाउस इजाजत प्राप्त गर्न सकिने व्यवस्थाको कार्यान्वयनबाट बण्डेड वेयर हाउस इजाजत सम्बन्धी अभिलेख व्यवस्थापन र विद्युतीय प्रणालीमार्फत सेवाग्राहीलाई सेवा प्राप्त गर्न सहज भई भन्सार प्रशासनलाई थप प्रविधिमैत्री र स्वचालित बनाउन योगदान पुग्ने अपेक्षा गरिएको छ।

## प्रयोगशाला व्यवस्थापन, एक्रिडिटेसन लगायतका प्राविधिक विषयका तालिम सम्पन्न

भन्सार विभाग र अन्तर्गत प्रयोगशालाहरू अन्तर्राष्ट्रिय मापदण्ड अनुसार सञ्चालन गर्ने हेतुले प्रयोगशालाा काम गर्ने प्राविधिक कर्मचारीहरुको क्षमता विकासका लागि २०८० पुष ६ गते देखि १० गते सम्म ५ दिने ISO/IEC 17025, lead Auditor training तालिम सञ्चालन भयो। उक्त तालिम कार्यक्रम भन्सार विभागको आयोजना र नेपालको एक मात्र एक्रिडिटेसन निकाय श्री एक्रिडिटेसन एजुकेसन रिसर्च र साईन्टिफिक सर्भिस, ललितपुर नेपालको प्राविधिक सहयोगमा भन्सार विभागको सभा हलमा सञ्चालन गरिएको थियो। उक्त तालिममा भन्सार विभाग र अर्न्तगतका कार्यालय स्थित ७ वटा प्रयोगशालाका केमिष्ट र असिस्टेन्ट केमिष्ट गरी १२ जना सहभागीलाई ISO/IEC 17025:1017; General requirements for the competence of testing and calibration laboratories विषयमा सैद्धान्तिक ज्ञान तथा प्रयोगात्मक सिप प्रदान गरिएको थियो। Laboratory management system को सम्बन्धमा भएको तालिमले भन्सार प्रयोगशालाहरू अन्तर्राष्ट्रिय मापदण्ड अनुसार स्तरीय ढङ्गमा सञ्चालन गर्न थप सहयोग पुग्ने अपेक्षा गरिएको छ।

यसै गरी भन्सार विभागको वार्षिक कार्यक्रम अनुसार भन्सार कर्मचारीहरूका लागि नमुना सङ्कलन तथा toxic and Hazardous, controlled केमिकल and technical goods, अनिवार्य नेपाल गुणस्तर लागू भएका बस्तु आदिको भन्सार प्रक्रिया लगायत Green Customs का विभिन्न अवधारणा समावेश गरी भन्सार अधिकृत तथा जाँचपासमा संलग्न कर्मचारीहरुको क्षमता विकासकालागि विभिन्न भन्सार कार्यालयहरूमा स्थलगत रूपमा एक/एक दिनको Orientation training सञ्चालन गरिएको छ। Orientation तालिम रसुवा भन्सार कार्यालयमा २०८० असोज १९




*ISO/IEC 17025, lead Auditor training Participants*

गते, भैरहवा र नेपालगञ्ज भन्सार कार्यालयमा क्रमशः २०८० पुष २१ र २४ गते सञ्चालन गरिएको छ । यो तालिमबाट भन्सार अधिकृत र जाँचपासमा संलग्न कर्मचारीहरूको क्षमता विकास भई नियन्त्रित र हानिकारक रसायनहरूको गैरकानूनी व्यापार नियन्त्रण भई राष्ट्रिय सुरक्षामा थप टेवा पुग्ने विश्वास भन्सार विभागले लिएको छ। साथै यसै वर्ष नेपाल गुणस्तर तथा नापतौल विभाग, राष्ट्रिय ओजन ईकाईसंगको सह आयोजनामा रसुवा, भैरहवा र नेपालगन्ज भन्सार कार्यालयहरूमा एक/एक दिनको मन्ट्रियल प्रोटोकलको प्रभावकारी कार्यान्वयन सम्बन्धी सचेतना मूलक तालिम कार्यक्रम पनि सम्पन्न भएको छ।

## सक्रिय निकासी पैठारी संकेत नम्बर १८ हजार नाघ्यो

आर्थिक बर्ष २०७४।७५ देखि कार्यान्वयनमा आएको निकासी पैठारी संकेत नम्बर (EXIM Code) चालु आर्थिक बर्षको पौष महिनासम्म सक्रिय रहेका एक्जिम कोडको संख्या १८५३८ को हाराहारीमा रहेका छन् । शुरुदेखि यस अवधिसम्म कुल ३७२१० संकेत नम्बर जारी भएकोमा ५१५५ वटा संकेत नम्बर खारेज भएका, खारेज भएकामध्ये ३३८ वटा संकेत नम्बर पुनःदर्ता भएका छन् भने दर्ता भएपछि प्रक्रिया पूरा गरेर खारेज पनि नभएका र नियमानुसार नवीकरण पनि नगरी निस्क्रिय रहेका संकेत नम्बरको संख्या १३८५५ को हाराहारीमा रहेको पाइएको छ।

यसैगरी गत आर्थिक बर्ष २०७९।८० पौष महिनासम्म र चालु आर्थिक बर्ष २०८०।८१ को सोही अवधिसम्म नयाँ दर्ता भएका, नवीकरण भएका, खारेज भएका र पुनःदर्ता भएका संकेत नम्बरलाई तुलना गर्दा गत आर्थिक बर्षको पौषमहिनासम्मको भन्दा चालु आर्थिक बर्षको सोही अवधिमा नयाँ दर्ता भएका संकेत नम्बर ०.५० प्रतिशतले र पुनःदर्ता भएका संकेत नम्बर ३३.३३ प्रतिशतले बढेको देखिन्छ भने नवीकरण भएका संकेत नम्बर २७.१० प्रतिशतले र खारेज भएका संकेत नम्बर ५.३० प्रतिशतले घटेको देखिन्छ।

शुरुदेखि हालसम्म जारी भएका, खारेज भएका, पुनः दर्ता भएका, नवीकरण भएका, सक्रिय रहेका र निष्क्रिय रहेका एक्जिम कोडको विवरण देहायको तालिकामा देखाइएको छ।

| विवरण | जम्मा जारी भएका एक्जिम कोड | जम्मा खारेज भएका एक्जिम कोड | पुनःदर्ता भएका एक्जिम कोड | हालसम्म सक्रिय रहेका एक्जिम कोड | एक्जिम कोड लिएर हालसम्म खारेज वा नवीकरण केही नगरी निष्क्रिय रहेका एक्जिम कोड |
|---|---|---|---|---|---|
| | ३७२१० | ५१५५ | ३३८ | १८५३८ | १३८५५ |

आ.व. २०७९।८० को पौष महिनासम्म र २०८०।८१ को सोही अवधिसम्म नयाँ दर्ता भएका, नवीकरण भएका, खारेज भएका र पुनः दर्ता भएका एक्जिम कोडको तुलनात्मक विवरण

| विवरण | आ.व. २०७९।८० साउनदेखि पौषसम्म | आ.व. २०८०।८१ साउनदेखि पौषसम्म | गत आ.व.को तुलनामा चालु आ.व.मा बृद्धि (+)/घटी(-)% |
|---|---|---|---|
| नयाँ जारी भएका एक्जिम कोड | ११४८ | ११५४ | ०.५० |
| नवीकरण भएका एक्जिम कोड | १३३३३ | ९७१९ | -२७.१० |
| खारेज भएका एक्जिम कोड | ६२१ | ५८८ | -५.३० |
| पुनःदर्ता भएका एक्जिम कोड | २१ | २८ | ३३.३३ |

## वीरगञ्ज भन्सार कार्यालयमा माननीय अर्थमन्त्रीको निरीक्षण भ्रमण

मिति २०८०/०४/१८ मा माननीय अर्थमन्त्री डा. प्रकाश शरण महतले वीरगञ्ज भन्सार कार्यालयको निरीक्षण भ्रमण गर्नु भएको छ। सो भ्रमण पश्चात् वरिष्ठ आर्थिक सल्लाहकार डा. पोषराज पाण्डे, अर्थ सचिव श्री अर्जुन प्रसाद पोखरेल, भन्सार विभागका महानिर्देशक श्री शोभाकान्त पौडेल, आन्तरिक राजस्व विभागका महानिर्देशक दीर्घराज मैनाली, भन्सार विभागका उपमहानिर्देशक श्री रमेश अर्याल र आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री टंक प्रसाद पाण्डेयले वीरगञ्ज भन्सार तथा सुक्खा बन्दरगाह भन्सार कार्यालयका प्रमुखहरूलाई लक्ष्य अनुसारको राजस्व सङ्कलन गर्न क्रियाशील भई काम गर्न निर्देशन प्रदान गर्नु भएको थियो । माननीय अर्थमन्त्रीले भन्सारमा मालवस्तुको घोषणा, मूल्याङ्कन र वर्गीकरणलाई वस्तुपरक बनाउन तथा भन्सार मुद्दा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउँदै लिलाम प्रक्रियालाई तीव्रता दिन समेत निर्देशन दिनु भएको थियो। उहाँले भन्सार चुहावट नियन्त्रण गर्न आन्तरिक नियन्त्रण प्रणालीमा सुदृढीकरण र स्थानीय प्रशासन, सुरक्षा निकाय, आन्तरिक राजस्व कार्यालयसँग समन्वय र सूचना आदान प्रदान आवश्यक रहेको बताउनु भएको थियो। सूचना प्रविधिको प्रयोग गर्दै सेवा प्रवाह गर्न र उच्च नैतिकता, सदाचारिता, कर्तव्यनिष्ठता र व्यावसायिकताका साथ कार्य सम्पादन गर्न जोड दिँदै कार्यालयको भौतिक व्यवस्थापन तथा छोटी भन्सार कार्यालयहरूको व्यवस्थापनमा समेत ध्यान दिन निर्देशन प्रदान गर्नु भएको थियो।



फोन: ५९१७२२२, ५९१७२२३, ५९१७२२१ E-mail: csd@customs.gov.np Web : www.customs.gov.np

# वैदेशिक व्यापार तथा राजस्व सङ्कलन

## निकासी पैठारीको अवस्था

आर्थिक वर्ष २०७९/८० पौष महिनासम्ममा ८ खर्ब ७३ अर्ब ४७ करोड रहेको कुल वैदेशिक व्यापारमा ३.४७ प्रतिशत खुम्चिन गई आर्थिक वर्ष २०८०/८१ को सो अवधिमा कुल वैदेशिक व्यापार ८ खर्ब ४३ अर्ब १३ करोड भएको छ।

त्यस्तै, निकासीतर्फ पनि आर्थिक वर्ष २०७९/८० को पौष महिनासम्ममा रु. ८० अर्ब ८१ करोडको निकासी भएकोमा यस आर्थिक वर्षको सो अवधिमा ७.२३ प्रतिशतले सङ्कुचन भई रु. ७४ अर्ब ९७ करोडको निकासी भएको छ। आर्थिक वर्ष २०८०/८१ पौष महिनासम्म गत आर्थिक वर्षको सो अवधिको तुलनामा पैठारीमा ३.०९ प्रतिशतले कमी भएको छ। गत आर्थिक वर्षको पौषसम्ममा रु. ७ खर्ब ९२ अर्बको ६७ करोड पैठारी भएकोमा यस वर्षमा रु. ७ खर्ब ६८ अर्ब १७ करोडको पैठारी भएको छ। पैठारी र निकासीको अनुपातलाई हेर्ने हो भने अघिल्लो आर्थिक वर्षको पौष मसान्तसम्म ९.८ रहेकोमा ४.४६ प्रतिशतले वृद्धि भई चालु आर्थिक वर्षमा १०.२ पुगेको छ।

मुलुकको वैदेशिक व्यापारका सूचकहरू घटिरहेको अवस्थामा पनि कुल राजस्व सङ्कलन भने सकारात्मक परिवर्तन भएको देखिन्छ। गत आर्थिक वर्ष पौष मसान्तसम्म रु. १ खर्ब ८८ अर्ब १७ करोड राजस्व सङ्कलन भएकोमा चालु आर्थिक वर्षको सो अवधिमा थप ६.३४ प्रतिशतले वृद्धि हुन गई रु. २ खर्ब १० करोड राजस्व सङ्कलन हुन गएको छ।

**चालु आर्थिक वर्ष २०८०/८१ पौष महिनासम्मको पैठारी, निकासी, व्यापार घाटा र राजस्व संकलनलाई तलको तालिकामा प्रस्तुत गरिएको छः**




## पैठारी मूल्यको आधारमा पैठारी भएका प्रमुख वस्तुको विश्लेषण

आर्थिक वर्ष २०८०/८१ को पौष महिनासम्म प्रमुख १० पैठारी भएका वस्तुको रूपमा क्रमश डिजेल, पेट्रोल, एलपी ग्यास, एचआर सिट, शुद्ध फलाम, तयारी कपडा, मोबाइल टेलिफोन, अन्य एलोपेथिक औषधि, विद्युतबाट सञ्चालित जीप कार भ्यानहरू र सुन हुन्। यी प्रमुख वस्तु गत आर्थिक वर्षमा पौष महिनासम्म रु. २ खर्ब २९ अर्ब ९६ करोड (पैठारीको २९%) को पैठारी भएकोमा यस आर्थिक वर्षमा रु २ खर्ब ४० अर्ब २९ करोड (पैठारीको ३१.३%) पैठारी भएको छ। यी वस्तुहरू गत आर्थिक वर्ष पौष महिनासम्मको तुलनामा यस वर्ष रु . १० अर्ब ३३ करोड ले बढी पैठारी भएको छ। त्यस्तै, यी वस्तुबाट गत आर्थिक वर्ष रु. ६१ अर्ब ९ करोड राजस्व सङ्कलन भएकोमा यस वर्ष ७२ अर्ब ९९ करोड राजस्व सङ्कलन भएको छ। गत आर्थिक वर्षको तुलनामा ती वस्तुबाट रु. १० अर्ब ९० करोड राजस्व बढी सङ्कलन भएको छ।

आर्थिक वर्ष २०८०/८१ को पौष महिनासम्म अघिल्लो आर्थिक वर्षको तुलनामा बढी पैठारी हुने वस्तुहरूमा क्रमश एच आर सिट, विद्युतबाट सञ्चालित जीप कार र भ्यानहरू, तयारी कपडा, गहुँ, फलामे पत्रु, भटमासको पिना, डी ए पी मल, केवल तथा तारहरू, दाल तथा गेडागुडी र ग्याँस लाइटर पर्दछन्। यी वस्तुबाट गत आर्थिक वर्ष भन्दा रु. ५१ अर्ब ६६ करोड बराबरको बढी पैठारी भएको देखिन्छ। उक्त पैठारी कुल पैठारीको ६.७ प्रतिशत हो। ती वस्तुबाट अघिल्लो आर्थिक वर्षको तुलनामा रु. १० अर्ब ५८ करोड बढी राजस्व सङ्कलन भएको छ।

त्यस्तैगरी गत आर्थिक वर्षको तुलनामा घटी पैठारी हुने वस्तुहरू सुन, भटमासको तेल (कच्चा), एमएस सिट (स्टिल), कच्चा पामतेल, धान, एमएस बिलेट, हातहतियारहरू, चामल, डिजेल र एलपी ग्यास हुन्। ती वस्तुबाट अघिल्लो वर्षको तुलनामा रु. ७८ अर्ब ४३ करोड पैठारी घटेको देखिन्छ भने रु. ४ अर्ब ६७ करोड मात्र राजस्व घटेको छ।

## निकासी मूल्यको आधारमा निकासी भएका प्रमुख वस्तुको विश्लेषण

आर्थिक वर्ष २०८०/८१ को पौष महिनासम्मको प्रमुख दश निकासी भएका वस्तुहरूको रूपमा फलामे पाता, सिन्थेटीक यार्न, उनी गलैंचा कार्पेट, तयारी कपडा, अलैंची, फलफूलको जुस, प्लाइउड, प्रशोधित पामतेल, जमोठ कपडा र जुटका बुनिएका कपडा पर्दछन्। यी वस्तुहरूको रु. ४० अर्ब ८० करोड बराबरको निकासी भएको छ भने गत आर्थिक वर्षको सो अवधिमा रु. ४४ अर्ब ८० करोड निकासी भएको थियो। गत आर्थिक वर्षमा पुस महिनासम्मको कुल निकासीको ५५ प्रतिशत हिस्सा यी वस्तुहरूले ओगटेको थियो भने यस वर्षको निकासीमा ५४.४ प्रतिशत हिस्सा ओगटेको छ। यी १० वस्तु गत आर्थिक वर्षको तुलनामा रु. ३ अर्ब ९९ करोड कम निकासी भएको छ। सो रकम अहिलेको निकासीको ५.३ प्रतिशत हो।

गत आर्थिक वर्ष पुस महिनासम्मको तुलनामा यस वर्ष बढी निकासी हुने वस्तुहरू फलामे पाता, प्लाइउड, फलफूलको जुस, सिमेन्ट खैरो, सिमेन्ट क्लिङ्कर, एम एस स्टिल, तयारी कपडा, जडिबुटी, अदुवा सुटो र अल्किड रेजिन र अन्य पिभिसी रेजिन वस्तुहरू हुन्। यी वस्तुको गत आर्थिक वर्षको तुलनामा रु. १० अर्ब ३१ करोड बढी निकासी भएको छ यो मूल्य कुल निकासीको १४% हुन आउँछ। अघिल्लो आर्थिक वर्षमा रु. १२ अर्ब ८२ करोड निकासी भएकोमा यस वर्ष रु. २३ अर्ब १३ करोड निकासी भएको हो।

गत आर्थिक वर्षको तुलनामा घटी निकासी हुने प्रमुख वस्तुको रूपमा प्रशोधित पामतेल र भटमासको तेल प्रशोधित हो। यसबाट अघिल्लो



फोनः ५९१७२२२, ५९१७२२३, ५९१७२२१ E-mail: csd@customs.gov.np Web : www.customs.gov.np

वर्षको तुलनामा क्रमशः रु. १० अर्ब १९ करोड र रु. ७ अर्ब ५९ करोड कम निकासी भएको छ त्यस्तैगरी कोरुङ्गो रेडर सिट जस्तापाता, चिया, सेन्थेटिक यान, उनी गलैँचा कार्पेट, हवाई जहाजको इन्जिन, खोटो रोडिन, जुटको बुनेका कपडा र चोकर भुस वस्तुहरू हुन् । यी वस्तुहरू गत वर्ष रु. ३९ अर्ब ७४ करोड को निकासी भएकोमा यस वर्ष रु. १९ अर्ब ७० करोड बराबरको मात्र निकासी भएको छ। यस वर्ष गत वर्षको तुलनामा हेर्ने हो भने रु. २० अर्ब ४ करोड कम निकासी भएको छ।

### राजस्वको आधारमा पैठारी भएका प्रमुख वस्तुको विश्लेषण

राजस्व सङ्कलन भन्सार प्रशासनको महत्त्वपूर्ण कार्य हो। देशको कुल राजस्वको करिब ५० प्रतिशत भन्सार प्रशासनले सङ्कलन गर्दै आएको छ। आर्थिक वर्ष २०८०/८१ को छ महिनाको वैदेशिक व्यापार तथ्याङ्कलाई हेर्ने हो भने राजस्वमा योगदान गर्ने प्रमुख वस्तुहरूमा डिजेल, पेट्रोल, जीप कार र भ्यानहरू, तयारी कपडा, विद्युतीय सञ्चालित, मोटर साइकल(अन एसेम्वल्ड), मोटरसाइकल, एचआर सिट र मोबाइल टेलिफोन पर्दछन् । यी वस्तुबाट गत आर्थिक वर्षको पौष महिनासम्म रु. ६६ अर्ब ५६ करोड (कुल राजस्वको ३५.४%) राजस्व सङ्कलन भएकोमा यस आर्थिक वर्षको पौष महिनासम्म रु. ८२ अर्ब ७८ करोड (कुल राजस्वको ४१.४%) राजस्व सङ्कलन भएको छ। गत आर्थिक वर्षको तुलनामा सो राजस्व २४.४ प्रतिशतले बढी हो भने बढी राजस्व सङ्कलित राजस्वको ८.१ प्रतिशत हो।

अघिल्लो आर्थिक वर्षको तुलनामा बढी राजस्व सङ्कलन गर्ने प्रमुख वस्तुमा क्रमशः विद्युतबाट सञ्चालित जीप, कार र भ्यानहरू, एचआर सिटहरू, डिजेल, तयारी कपडा, मोटर साइकल(अन एसेम्वल्ड), तयारी रक्सी, पेट्रोल, स्याउ, नासपती, पिपला र ग्यास लाइटर हुन् । गत आर्थिक वर्ष पौष महिनासम्मको तुलनामा यी वस्तुहरूबाट रु. २० अर्ब ६९ करोड बढी राजस्व उठेको छ जुन रकम अहिलेसम्म सङ्कलन भएको राजस्वको १०.३ प्रतिशत राजस्व हो।

अघिल्लो आर्थिक वर्षको पौष महिनासम्मको तुलनामा कम राजस्व सङ्कलन गर्ने प्रमुख वस्तुमा एम एस स्टिल सिट, भटमासको तेल कच्चा, मोटर साइकल, एम.एस.विलेट, डबल(क्याव पिकअप गाडि), एलपी ग्यास, टेलिभिजन, ट्रान्सफर्मर, टाइल र सुपारी हुन्। यी १० वस्तुहरूबाट गत आर्थिक वर्षमा भन्दा रु. १० अर्ब २९ करोड राजस्व कम उठेको छ। उक्त रकम चालु आर्थिक वर्षको पौष महिनासम्म सङ्कलन रकमको ५.१ प्रतिशत रकम हो।

### नेपालका प्रमुख वैदेशिक व्यापार साझेदारहरू

नेपालको वैदेशिक व्यापारको प्रमुख साझेदारहरू हेर्दा पैठारीतर्फ भारत र चीन रहेको देखिन्छ भने निकासीतर्फ भारत र अमेरिका देखिन्छ। आर्थिक वर्ष २०८०/८१ को छ महिनामा प्रमुख १० व्यापार साझेदार र नेपालको पैठारीमा तिनीहरूको हिस्सा तलको तालिकामा प्रस्तुत गरिएको छः







### कार्यालयगत राजस्व संकलनको अवस्था

भन्सार विभागको लागि आर्थिक वर्ष २०८०/८१ को पौष महिनासम्म मा रु. ३ खर्व ६ अर्ब १७ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकोमा कुल रु. २ खर्व १० करोड राजस्व सङ्कलन गरी लक्ष्यको तुलनामा ६५.३६ प्रतिशत राजस्व सङ्कलन भएको छ भने वार्षिक लक्ष्यमा ३१.८८ प्रतिशत राजस्व सङ्कलन भएको छ। यसरी राजस्व लक्ष्य हासिल गर्न योगदान गर्ने कार्यालयहरू र कुल राजस्व सङ्कलनमा कार्यालयको हिस्सा तलको चित्रमा प्रस्तुत गरिएको छः


फोनः ५९१७२२२, ५९१७२२३, ५९१७२२१ E-mail: csd@customs.gov.np Web : www.customs.gov.np




## शीर्षक अनुसार राजस्व संकलनको तुलनात्मक अवस्था

भन्सारले सङ्कलन गर्ने राजस्वमा प्रमुखतः भन्सार महसुल, मू.अ.कर तथा अन्तःशुल्कको हिस्सा रहने गर्दछ। भन्सार प्रशासनबाट आर्थिक वर्ष २०८०/८१ को पौष महिनासम्ममा सङ्कलित कुल राजस्व मध्ये रु. ८८ अर्ब ८० करोड भन्सार महसुल (लक्ष्यको तुलनामा ५७.९६%), रु. ८७ अर्ब ४१ करोड मूल्य अभिवृद्धि कर (लक्ष्यको तुलनामा ७१.५३%), रु. १८ अर्ब १० करोड अन्तःशुल्क (लक्ष्यको तुलनामा ७५.९५%) सङ्कलन भएको छ। यस्तै रु. २ अर्ब ४१ करोड सडक मर्मत तथा सुधार दस्तुर, रु. ३ अर्ब ३९ करोड सडक निर्माण तथा सम्भार दस्तुर वापत सङ्कलन भएको छ।

**राजस्व शीर्षक अनुसारको राजस्व संकलनको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ :**

रकम रु. करोडमा

| आ.ब. २०८०/८१ को पौष महिनासम्मको राजश्व संकलनको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| | | आ.ब. २०७९/ ८० | आ.ब. २०८०/८१ | | |
| सि.नं. | शिर्षक | पौष महिनासम्मको जम्मा राजश्व असुली | पौष महिनासम्मको जम्मा राजश्व लक्ष्य | पौष महिनासम्मको जम्मा राजश्व असुली | पौष महिनासम्मको तुलनामा असुली प्रतिशत |
| 1 | भन्सार महशुल पुर्वाधार कर समेत | ८२२६ | १५३२२ | ८८८० | ५७.९६ |
| 2 | मु.अ.कर | ८२९८ | १२२२० | ८७४१ | ७१.५३ |
| 3 | अन्त:शुल्क | १६२४ | २३८३ | १८१० | ७५.९५ |
| | जम्मा | १८१४८ | २९९२४ | १९४३० | ६४.९३ |
| 4 | सडक मर्मत तथा सुधार दस्तुर | ४६४ | ४९० | २४१ | ४९.१९ |
| 5 | सडक निर्माण तथा संभार दस्तुर | २०५ | २०३ | ३३९ | १६७.२१ |
| | कुल जम्मा | १८८१७ | ३०६१७ | २००१० | ६५.३६ |
| | वार्षिक लक्ष्य | ६६८७६ | | ६२७७५ | |
| | बार्षिक लक्ष्यमा पौष महिनासम्मको असुली प्रतिशत | २८.१४ | | ३१.८८ | |

आर्थिक वर्ष २०८०/८१ को पौष महिनासम्ममा सङ्कलित राजस्वमध्ये भन्सार महसुलको हिस्सा ४४.१ प्रतिशत, मू.अ. करको ४३.७ प्रतिशत अन्तःशुल्क ९.०१ प्रतिशत, सडक मर्मत तथा सुधार दस्तुर १.२ प्रतिशत र सडक निर्माण तथा सम्भार दस्तुर १.७ प्रतिशत रहेको छ।




## भन्सार महसुल दर अनुसार राजस्व सङ्कलनको अवस्था (रु करोडमा)

भन्सारमा विभिन्न वस्तुहरूको फरक फरक भन्सार दर तोकिएको हुन्छ। सो भन्सार दर अनुसार पैठारी भन्सार महसुल सङ्कलनको आँकडा तलको तालिकामा प्रस्तुत गरिएको छ।

रकम रु. करोडमा

| भन्सार महशुल दर | आयात रकम (२०७९/८० पौष सम्म) | भन्सार महशुल (२०७९/८०पौष सम्म ) | आयात रकम (२०८०/८१ पौष सम्म) | भन्सार महशुल (२०८०/८१ पौष सम्म) | आयात रकम परिवर्तन प्रतिशत | भन्सार महशुल परिवर्तन प्रतिशत |
|---|---|---|---|---|---|---|
| ० | ४०३७ | ० | ५४१४ | ० | ३४.१ | |
| ५ | १६५८७ | ५६५ | १७८२० | ५७१ | ७.४ | १.१ |
| १० | १८५६८ | ८०६ | १६४९४ | ९१४ | -११.२ | १३.४ |
| १५ | १००६९ | ९९९ | १३०१० | १४१९ | २९.२ | ४२.० |
| २० | ४७१७ | ७४३ | ५०६७ | ८७४ | ७.४ | १७.६ |
| ३० | ५३६९ | १०३६ | ४४८४ | १११५ | -१६.५ | ७.६ |
| ४० | १६७३ | ६०७ | १६८८ | ६५२ | ०.९ | ७.४ |
| ८० | ५६४ | ११७ | ३३२ | २३८ | -४१.२ | १०२.३ |
| अन्य | १७६८४ | १८४० | १२५०८ | १८१६ | -२९.३ | -१.३ |
| जम्मा | ७९२६७ | ६७१४ | ७६८१७ | ७५९८ | -३.१ | १३.२ |

# व्यापार सहजीकरण सम्बन्धमा कार्यशालाको आयोजना

भन्सार विभागबाट EU-Nepal Trade and Investment Programme (TIP) सँगको सहकार्यमा २०-२५ अगस्ट २०२३ मा अधिकृत व्यावसायिक व्यक्ति Authorized Business Person सम्बन्धमा ६ दिने कार्यशालाको आयोजना भएको थियो। उक्त संस्थाको सहयोगमा २६-३० नोभेम्बर २०२३ मा ५ दिने शीघ्र जाँचपास र जोखिम व्यवस्थापन Expedited Shipment and Risk Management सँग सम्बन्धित कार्यशालाको आयोजना गरिएको थियो। उक्त दुवै कार्यक्रममा भन्सार विभाग तथा कार्यालयका कर्मचारीहरूको सहभागिता रहेको थियो। दुवै विषयलाई व्यापार सहजीकरणको नयाँ आयामको रूपमा नेपालको भन्सार प्रशासनमा प्रयोग गर्ने पूर्व तयारीको रूपमा उक्त कार्यशालालाई लिइएको छ। उक्त दुवै कार्यशाला International Trade centre का विज्ञहरूबाट सञ्चालन भएको थियो।



फोन: ५९१७२२२, ५९१७२२३, ५९१७२२१ E-mail: csd@customs.gov.np Web : www.customs.gov.np

## भन्सार समीक्षा बैठक

मिति २०८० साल मंसिर १ गते १८ बुँदे प्रतिबद्धता व्यक्त गर्दै प्रथम चौमासिक भन्सार समीक्षा बैठक विभागको कञ्चनजंघा हलमा सम्पन्न भएको छ । उक्त बैठक चालु आर्थिक वर्षको प्रथम ४ महिनाको प्रगतिको आधारमा बाँकी अवधिमा लक्ष्य बमोजिम राजस्व सङ्कलन गर्न अवलम्बन गर्नु पर्ने रणनीति, वैकल्पिक कार्य योजना, चोरी पैठारी नियन्त्रण लगायत विभिन्न विषयमा केन्द्रित रहेको थियो । समीक्षा बैठकमा भन्सार विभागको साथै राजस्व सङ्कलनमा ९० प्रतिशत भन्दा बढी योगदान गर्ने मुख्य १२ वटा भन्सार कार्यालयहरूका प्रमुख भन्सार प्रशासक/प्रमुख भन्सार अधिकृत/भन्सार अधिकृतहरूको सहभागिता रहेको थियो । तोकिएको लक्ष्य बमोजिमको राजस्व सकलन हुन नसकिरहेको वर्तमान अवस्थामा प्रथम चौमासिक अवधिको प्रगतिको समीक्षा गर्दै बाँकी अवधिमा लक्ष्य बमोजिम राजस्व सकलन गर्न कार्य योजनाहरूको तर्जुमा गर्ने उद्देश्यका साथ सम्पन्न समीक्षा बैठकबाट आगामी दिनहरूमा तोकिएवमोजिम राजस्व सकलन गर्न सफल हुने विश्वास भन्सार विभागले लिएको छ।

बैठकको प्रारम्भमा विभागका महानिर्देशक श्री शोभाकान्त पौडेलले भन्सार समीक्षा बैठक आयोजना गर्नुका कारण तथा यसको औचित्यको बारेमा प्रकाश पार्दै लक्ष्य बमोजिम राजस्व सङ्कलन गर्नका लागि कार्यालयहरूले थप कार्ययोजनाहरू तर्जुमा गरी कार्यान्वयन गर्न सुझाउनु हुँदै विभागकोतर्फबाट गर्नु पर्ने कार्य तथा सहयोग/समन्वयमा कुनै कमी नहुने कुरा व्यक्त गर्नु भयो। सोही अवसरमा उप-महानिर्देशकद्वय श्री रमेश अर्याल र श्री सेवन्तक पोखरेलले आ-आफ्नो धारणा व्यक्त गर्नु हुँदै कार्य क्षमताको आधारमा जिम्मेवारी प्रदान गर्ने तथा Specific Declaration, चोरी पैठारी नियन्त्रण, छड्के परीक्षण जस्ता कार्यहरूमा थप मिहिनेत गर्नु पर्ने औँल्याउनु भयो । आ-आफ्ना कार्यालयहरूको प्रगति अवस्थाको बारेमा भन्सार कार्यालयका प्रमुखहरूबाट प्रस्तुतीकरण राख्नु भएको थियो। समीक्षा बैठकलाई प्रभावकारी र उपलब्धिमूलक बनाउने उद्देश्य समेतबाट मिति २०८० कार्तिक २३ र २४ गते मूल्याङ्कन अधिकृतहरूसमेतको सहभागितामा पूर्व तयारी छलफल समेत सम्पन्न गरिएको थियो ।

## २९ वटा भन्सार कार्यालयमा NECAS सञ्चालनमा

सबै भन्सार कार्यालयलाई स्वचालित बनाउने योजना अनुसार चालू आ.व. मा पशुपतिनगर भन्सार कार्यालयमा समेत NECAS प्रयोगमा ल्याए पश्चात् NECAS प्रयोग गर्ने कुल कार्यालयको सङ्ख्या २९ पुगेको छ । चालु आ.व. मा सुठौली, जनकपुर, कञ्चनपुर, सर्लाही, सिराहा, सुनसरी, गौर, महेशपुर, सती, ठाडी लगायतका भन्सार कार्यालयहरूमा Selectivity Module विस्तार गरी कुल Selectivity Module तथा Exit Note लागू गर्ने कार्यलयहरूको सङ्ख्या २६ पुगेको छ । त्यस्तै, सुक्खा बन्दरगाह, सुठौली, जनकपुर, कञ्चनपुर, सर्लाही, सिराहा, सुनसरी, महेशपुर, सती, ठाडी लगायतका कार्यालयमा Gate Entry Module विस्तार गरी Gate Entry Module लागू गर्ने कार्यालयहरुको सङ्ख्या समेत २६ पुगेको छ। भैरहवा, मेची र विराटनगर भन्सार कार्यालयहरूमा प्रचलनमा रहेको Gate Entry Module लाई थप सुरक्षित र व्यवस्थित बनाउनको लागि परिमार्जन गरी नयाँ Gate Entry Module लागू गरिएको छ। त्रि.वि. स्थल भन्सार कार्यालयमा Manifest Module लागू गरिएको छ भने सुक्खा बन्दरगाह भन्सार कार्यालयमा Manifest Module लागू गर्न अन्तिम चरणमा पुगेको छ । NECAS लागू भएका सबै भन्सार कार्यालयमा Valuation System, Bank Guarantee, Bank receipt लगायतका सुविधाहरू सञ्चालित हुनुका साथै E-Payment को सुविधा पनि NECAS लागू भएका सबै भन्सार कार्यालयमा लिन सकिने गरी व्यवस्था गरिएको छ।

## मूल्यांकन पुनरावलोकन समितिबाट १९६ वटा पुनरावलोकनको निवेदनमाथि अन्तिम निर्णय सम्पन्न

भन्सार अधिकृतले गरेको मालवस्तुको भन्सार मूल्यांकनको निर्णय उपर चित्त नबुझाई मूल्यांकन पुनरावलोकनका लागि गत आर्थिक बर्ष २०७९।८० बाट जिम्मेवारी सरी आएका ३८८ र चालु आ.व. २०८०।८१ को पौष महिनासम्म दर्ता भएका ८६ गरी जम्मा ४७४ वटा निवेदन मूल्यांकन पुनरावलोकन समितिमा परेकोमा चालु आ.व.को पौष महिनासम्मको अवधिमा १९६ वटा निवेदनहरुको समितिवाट अन्तिम निर्णय भएको छ।

भन्सार अधिकृतले भन्सार ऐन, २०६४ को दफा १३ वमोजिम गरेको निर्णय वा आदेश उपर चित्त नवुझाउने व्यक्तिले त्यस्तो निर्णय उपर पुनरावलोकन गर्न सोही ऐनको परिच्छेद १२ दफा ६१ बमोजिम गठित मूल्याँकन पुनरावलोकन समिति समक्ष निवेदन दिन पाउने व्यवस्था रहेको छ। भन्सार अधिकृतले भन्सार मूल्याँकन सम्वन्धमा गरेको निर्णय उपर चित्त नवुझाउने पैठारीकर्ताहरुले यस समिति समक्ष पुनरावलोकनको लागि निवेदन गर्दा भन्सार अधिकृतले गरेको भन्सार मूल्याँकन अनुसार लाग्ने महसुल रकम सम्वन्धित भन्सार कार्यालयमा धरौटी राखी त्यस्तो निर्णय वा आदेश भएको मितिले ३० दिन भित्र निवेदन गर्नु पर्ने व्यवस्था छ। समितिले पुनरावलोकनको लागि परेको निवेदनहरुको सम्वन्धमा भन्सार अधिकृतले गरेको भन्सार मूल्याँकन ठीक भए नभएको जाँचवुझ गरी भन्सार अधिकृतले गरेको मूल्याँकनलाई नै कायम गर्न वा वदर गर्न वा भन्सार ऐन वमोजिम मूल्याँकन गरिदिन वा भन्सार अधिकृतलाई पुनः मूल्याँकन गर्न आदेश दिन सक्ने व्यवस्था रहेको छ।


फोन: ५९१७२२२, ५९१७२२३, ५९१७२२१ E-mail: csd@customs.gov.np Web : www.customs.gov.np

# त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयमा सुधारको सुरुवात

त्रिभुवन विमानस्थल भन्सार कार्यालयले विभिन्न सुधारका निम्नानुसारका गतिविधिहरू अगाडि बढाएको छ।

### स्वघोषणा कक्षको सञ्चालन:

विदेशबाट आउने यात्रुका लागि मालवस्तु स्वघोषणा कक्ष सञ्चालनमा ल्याएको छ । विदेशबाट फर्किएका यात्रुले आफ्नो साथमा ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवजस्तु सम्बन्धमा मिति २०८० जेठ १५ गते प्रकाशित सूचनामा उल्लेख भएको भन्दा बढी मालबस्तु ल्याएमा स्वघोषणा कक्षमा गई स्वघोषणा गर्न सक्ने छन् । विदेशबाट आउने यात्रुले अध्यागमन कक्ष पार गरेपछि भन्सार चेकजाँच एक्सरे मेसिन पुग्नु अगावै स्वयं घोषणा गर्ने सुविधा पाउने छन् ।

### कार्गो भवन प्रवेशका लागि 'फ्ल्याप गेट' सञ्चालन:

भन्सार कार्यालयको कार्गो भवन प्रवेशका लागि 'फ्ल्याप गेट' सञ्चालनमा ल्याएको छ । अनधिकृत व्यक्तिको प्रवेश र गलत क्रियाकलाप रोक्ने उद्देश्यले यो गेट सञ्चालनमा ल्याइएको छ । प्रहरी प्रतिवेदन र भन्सार कार्यालयको सिफारिसपछि नेपाल नागरिक उड्डयन प्राधिकरणबाट वितरण हुने बाइपास बाहकले मात्र यो गेट पार गर्न सक्नेछन् । २०८० साउन ३ गते कार्गो भवनबाट गाडीको ब्रेकसुभित्र लुकाइछुपाई ल्याएको सुन बाहिरिएपछि विमानस्थल भन्सार कार्यालयले अनधिकृत व्यक्तिलाई भन्सार यार्ड प्रवेशमा कडाई गर्नका लागि 'फ्ल्याप गेट' सञ्चालनमा ल्याइएको हो ।

### चौध किलो सुन बरामद:

विमानस्थल भन्सार कार्यालयले मिति २०८० मंसिर २१ गते राती अन्दाजी २३:४० बजे फ्लाई दुबईको उडान नं. FZ573 द्वारा दुबईबाट काठमाडौं आगमन भएका यात्रु जिल्ला गोरखा बारपाक सुलिकोट गा.पा. वडा नं. १ स्थायी ठेगाना भएका राहदानी नं. PA0145488 बाहक वर्ष ४५ का चन्द्र घलेको साथबाट १४ के.जी. तौल बरावरको सुन बरामद भएको थियो ।

विशेष सूचनाको आधारमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासकको नेतृत्वमा खटिएको टोलीले प्रहरीको सहयोगमा विमान अवतरण गर्ने क्षेत्र (विमान पार्किङ कक्ष) मा गई विमान भित्रैबाट नियन्त्रणमा लिई आगमन कक्षमा ल्याई खानतलासी गर्दा निजको शरीरको छातीको दाँया-बाँया भागमा कपडामा लुकाई छिपाई ल्याएको अवस्थामा बिस्कुट आकारका थान-१४ को कुल जम्मा तौल १४ किलोग्राम (चौध किलोग्राम) सुन बरामद भएको थियो ।

घटनाको छनविनको लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयबाट प्रमुख भन्सार अधिकृत मनिराम पौडेलको संयोजकत्वमा छानबिन समिति समेत गठन भई यस घटनाको विस्तृत अनुसन्धान भएको छ । निज चन्द्र घलेको २ वटा पासपोर्टबाट प्राप्त Travel History अनुसार निज ६० पटक विदेश आउने जाने गरेको र अनुसन्धान पश्चात् नाम खुलेका र यस कार्यमा संलग्न भएका प्रतिवादी मिन बहादुर घले २०१४ देखि ३६ पटक विदेश आउने जाने गरेको र प्रतिवादी कृष्ण कुमार श्रेष्ठको २ वटा पासपोर्ट नं. बाट प्राप्त Travel History अनुसार निज ६६ पटक विदेश आउने जाने गरेको देखिन आयो ।

दुबईबाट ल्याएको सुन आगमन कक्ष स्थित अध्यागमन डेस्क नजिकको शौचालयको डस्टविनमा फालेर विमानस्थलबाट बाहिर ल्याउने गरेको तथ्य अनुसन्धानका क्रममा खुले पश्चात् त्रि.बि अन्तर्राष्ट्रिय विमानस्थलका सरसफाई कर्मचारीहरू समेत पक्राउ गरेर अनुसन्धान कार्य अगाडि बढाईएको थियो । सुन बोक्ने भरियाले आगमन कक्षमा रहेको अध्यागमन डेस्क नजिकको शौचालयमा छाड्ने र विमान स्थलका विभिन्न कर्मचारीको मिलेमतोमा सुन झिकेर विमानस्थल बाहिर ल्याउने गरेको अनुसन्धानबाट पुष्टि भई शेरबहादुर बस्नेतले आफूले उक्त सुन शौचालयबाट अवैध रूपमा बाहिर निकाल्ने गरेको साविति बयान दिई थप कर्मचारीहरूको समेत संलग्नता बारे खुलाएका थिए । निज शेर बहादुर बस्नेतले खुलाए अनुरूप त्रिभुवन विमानस्थल नागरिक उड्डयन कार्यालयका कार्यालय सहयोगी लेखबहादुर तामाङ, एयर साइड अफिसमा कार्यरत रमेश देउला, राधा कृष्ण श्रेष्ठ र अनिल श्रेष्ठलाई समेत पक्राउ गरी अनुसन्धान गर्दा निजहरूको समेत संलग्नता पुष्टि हुने प्रमाण फेला परेको थियो । साथै, यस अवैध सुन तस्करी कार्यमा १० जना प्रतिवादीहरू उपर त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर गरिएको छ । उक्त अपरेसन, अनुसन्धान, तहकिकात र अभियोजनबाट विमानस्थलको प्रयोग गरी अवैध रूपमा हुने सुन तस्करीको जालो समेत भत्किएको छ ।

### आगमन भन्सार जाँच क्षेत्रमा सुधार:

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आगमन भन्सार जाँच क्षेत्रमा सुधारका कार्यहरू अगाडि बढाइएको छ। सुधार कार्य अनुरूप त्रिभुवन विमानस्थल स्थित आगमन भन्सार क्षेत्र विस्तार गरिनुका साथै X-Ray Machine समेत थप गरी यात्रु जाँचपाश प्रक्रिया सरल र सहज बनाउने कार्य भएको छ। हाल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयले Nepal Management of Tourism and Hotel Management (NATHM) सँग समझदारी पत्रमा हस्ताक्षर गरी उक्त कलेजमा अध्ययनरत विद्यार्थीहरू त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आगमन भन्सार क्षेत्रमा ईन्टर्नशिपमा आबद्ध भई यात्रुहरूलाई सहजीकरण र आतिथ्य कार्यमा संलग्न रहेका छन् । त्यसैगरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल विमानस्थल आगमन भन्सार क्षेत्रबाट हुने अवैध मालवस्तु निकासी पैठारीको कार्यलाई न्यूनीकरण र निरूपण गर्दै लैजाने योजना अनुरूप भन्सारको नेतृत्व र निर्देशनमा सशस्त्र प्रहरीको ३१ जनाको टोली समेत परिचालन गरिएको छ ।



फोन: ४४१७२२२, ४४१७२२३, ४४१७२२१ E-mail: csd@customs.gov.np Web : www.customs.gov.np